**यहि मिति २०८३ साउन महिनाको १४ गते [illegible] कार्यपालिका बैठकको निणर्यहरु:-**

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो आ व २०८२।०८३ को वार्षिक वजेट तथा कार्यक्रम कार्यान्वयन समग्र अवस्था वारे छलफल र समीक्षा गरियो ।

२. यस गाँउपालिकाको गत आ व २०८२।०८३ को आयव्यय सम्वन्धी विवरण सार्वजनिक गर्ने र सोको जानकारी संघीय तथा प्रदेश सरकारको सम्वन्धित निकाय तथा मन्त्रालयमा पेश गर्ने निर्णय गरियो।

३. महाभारत गाँउपालिकाको चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि २०८३ श्रावण मसान्त भित्र कार्यक्रम कार्यान्वयन कार्ययोजना पेश गर्न विषयगत समिति तथा शाखाहरूलाइ निर्देशन दिने निर्णय गरीयो।

४. आ व २०८३।०८४ को लागि देहाय अनुसारको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी उक्त दररेट विश्लेषण गरी महाभारत गाँउपालिकाको योजना तथा आयोजनाहरु कार्यान्वयन गर्ने भनी पूर्वाधार विकास शाखाको प्रस्तावलाई स्वीकृत गरीयो।

५. महाभारत गाँउपालिका गाँउकार्यपालिकाको कार्यालय र अन्तरगतका निकायमा करार सेवामा कार्यरत विभिन्न सेवा समूहका कर्मचारीको करार अवधि "करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन स्तर मुल्यांकन तथा नयाँ अवधिको लागि करार संझौता सम्बन्धी मापदण्ड २०७८" बमोजिम करार सेवाको म्याद २०८३ साल श्रावण १ गते देखी २०८३ पुस मसान्तसम्म थप गर्ने भनी प्रशासन शाखावाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

६. सम्माननीय सर्वोच्च अदालतको आदेश नं ०८१-WO-१५१५ (उत्प्रेषण परमादेश) तथा नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोषको प सं ०८२/०८३ च नं २५० मिति २०८२।०९।१५ को पत्रानुसार तथा गाँउपालिकाको आर्थिक वर्ष ०८३।०८४ को स्वीकृत नीति तथा कार्यक्रम र वजेटमा समावेश भएको व्यवस्था बमोजिम महाभारत गाँउपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरूलाई प्रचलित कानून बमोजिमको महंगी भत्ता प्रदान गर्ने तथा सामाजिक सुरक्षा कोपमा आवद्ध गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो।

काञ्छामान जिम्बा
प्रवक्ता

७. महाभारत गाँउपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरु तथा गाँउपालिकामा रिक्त रहेको देहायका पदहरूमा पदपुर्ति गर्ने भनी स्वास्थ्य शाखावाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

क. गाँउपालिका अन्तरगतका विभिन्न आधारभुत स्वास्थ्य सेवा केन्द्रमा रिक्त रहेको अहेव २ र अनमी संख्या २ पदपुर्ति प्रक्रिया अगाडि वढाउने।

ख. नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको सशर्त शिर्षकमा उल्लेखित बजेट तथा कार्यक्रम वमोजिम गाँउपालिका रिक्त रहेको वैद्य चौथो तहको संख्या १ को पदपुर्ति प्रक्रिया अगाडि वढाउने।

..................

कान्छामान जिम्वा

कान्छामान जिम्वा
प्रवक्ता

CamScanner